वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
भञ्ज्याङ BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दैं गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १०३ | २०८३ साउन २५ गते सोमबार, नेपाल सम्वत् ११४६ August 10, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



## साँस्कृतिक झाँकी

३२औँ विश्व आदिवासी दिवसको अवसरमा तनहुँको दमौलीमा नेपाल आदिवासी जनजाति महासंघ व्यास नगर समन्वय परिषद्ले आइतबार दमौलीमा निकालिएको र्‍यालीमा जातीय पहिचान सहतिको भेषभूषामा सहिजएर साँस्कृतिक झाँकी प्रस्तुत गर्दै गुरूङ समुदायका महिला पुरूषहरू । विश्वका आदिवासी जनजातिको अधिकार, पहिचान, संस्कृति र जीवनपद्धतिको संरक्षण तथा उनीहरूका समस्याबारे विश्वव्यापी चेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ तनहुँका दशवटै पालिकामा विश्व आदिवासी दिवस विविध कार्यक्रमका साथ मनाइएको छ ।

*तस्विर : नारयाण खड्का/भञ्ज्याङ*

# सैनिक कल्याणकारी कोष: शिक्षा, स्वास्थ्यदेखि आत्मनिर्भरसम्मको सहारा

भञ्ज्याङ समाचारदाता/काठमाडौं

सैनिक कल्याणकारी कोष आफ्ना हिताधिकारीलाई सहुलियत, सामाजिक सुरक्षा र आत्मनिर्भरताका कार्यक्रमद्वारा सुरक्षित, सम्मानित तथा गौरवान्वित महसुस गराउन सफल भएको छ । नेपाली सेनाप्रतिको विश्वास, आत्मीयता र संस्थागत गौरवलाई अझ सुदृढ तुल्याउँदै कोषले हिताधिकारीका लागि शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगार र सुविधा तथा सहुलियतका कल्याणकारी कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

संयुक्त राष्ट्रसंघीय शान्ति स्थापनामा नेपाली सेनाको सहभागिताबाट प्राप्त हुने रकममध्ये केही अंश सैनिक कल्याणकारी कोषमा योगदान गरी हिताधिकारीको शिक्षा, स्वास्थ्य, आवास, बिमा, आर्थिक राहत तथा अन्य कल्याणकारी कार्यक्रम सञ्चालन गर्न परिचालन गर्ने उद्देश्यले २०३२ सालमा उक्त कोषको स्थापना भएको थियो ।

'बहुजन हिताय, बहुजन सुखाय' भन्ने आदर्श वाक्यलाई मार्गदर्शक सिद्धान्तका रूपमा आत्मसात् गर्दै कोषले बहालवाला र अवकाशप्राप्त सैनिक तथा तिनका आश्रित परिवारलाई जीवनका विभिन्न चरणमा आवश्यक सेवा, सुविधा र सहुलियत उपलब्ध गराउँदै आएको नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतले जानकारी दिनुभयो । कोषले हिताधिकारीको बृहत् हित गरी समग्र सैनिक कल्याणकारी कार्यलाई नै दिगो एवं व्यवस्थित बनाउने उद्देश्यले कार्य गरिरहेको छ ।

उहाँका अनुसार सैनिक कल्याणकारी कार्यक्रमको केन्द्रविन्दु 'चार स' अर्थात् शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगार र सुविधा तथा सहुलियत'को अवधारणाले बहालवाला, अवकाशप्राप्त सैनिक र तिनका आश्रित परिवारको जीवनचक्रलाई समेट्नेगरी गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा, सीप विकास, रोजगारी, आर्थिक सुरक्षा, बिमा, आवास, कर्जा तथा अन्य सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत गरेको छ। बदलिँदो समय, प्रविधि र हिताधिकारीको आवश्यकतालाई मध्यनजर गर्दै कोषले ती कार्यक्रमलाई निरन्तर परिमार्जन एवं विस्तार गर्दै लगेको छ ।



सैनिक विद्यालय/महाविद्यालय, प्राविधिक महाविद्यालयमा मेडिकल, नर्सिङ, पोलिटेक्निक्स तथा कृषि विज्ञान संस्थानमार्फत कोषले हिताधिकारीका सन्ततिलाई सहुलियतपूर्ण शिक्षण शुल्कमा गुणस्तरीय शिक्षा उपलब्ध गराएको छ ।

कोषमार्फत हिताधिकारीका सन्ततिका लागि छात्रवृत्ति व्यवस्था, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार र दक्ष जनशक्ति उत्पादनमा विशेष जोड दिइएको छ । उक्त संस्थाबाट हासम्म एक हजार ७४ चिकित्सक, दुई हजार ७६ नर्स, प्राविधिक ५५ (अटोमोबाइल र मेकानिकल), ४०९ कृषिविज्ञलगायत विभिन्न विधाका दक्ष जनशक्ति उत्पादन भई राष्ट्रको समग्र विकासमा योगदान पुगेको छ ।

हालसम्म सैनिक विद्यालय/महाविद्यालयबाट करिब ३० हजार र प्राविधिक महाविद्यालयबाट करिब चार हजार सैनिक तथा गैरसैनिक विद्यार्थीहरु दीक्षित भइसकेका प्रवक्ता बस्नेतले जानकारी दिनुभयो । त्यस्तै कोषमार्फत सैनिक विद्यालय तथा महाविद्यालयमा अध्ययन गर्ने अवसर नपाएका सन्ततिका लागि विभिन्न जिल्लामा सूचीकृत सम्झौता भएका २४४ उत्कृष्ट शैक्षिक संस्थाहरूमा चार हजार ६०० सन्ततिलाई अध्ययनको सुविधा उपलब्ध गराइएको छ।

सैनिक विद्यालय/महाविद्यालय तथा सूचीकृत स्कुलमा अध्ययन गर्ने अवसर नपाएका करिब ३५ हजार हिताधिकारीका एक सन्ततिका लागि कोषले प्रतिविद्यार्थी वार्षिक एकमुष्ट रू २५ हजार छात्रवृत्ति रकम उपलब्ध गराउँदै आएको छ ।

यसैबीच, १९८३ सालमा त्रिभुवन चन्द्र मिलिटरी अस्पताल स्थापनापछि सुरू भएको स्वास्थ्य सेवा विस्तार हुँदै वीरेन्द्र सैनिक अस्पताल सेनाको केन्द्रीय तथा विशिष्टिकृत अस्पतालको रूपमा स्थापित भएको छ ।

उक्त कोषमार्फत हाल देशका सबै प्रदेशमा सञ्चालित सैनिक/फिल्ड अस्पताल तथा तोकिएका अस्पतालद्वारा

बाँकी तेश्रो पेजमा

# भूसंरक्षण दिवसमा भादगाउँ खानेपानी क्षेत्र वरपर ११०० बिरूवा रोपियो

भञ्ज्याङ समाचारदाता/दमौली

५२औँ भूसंरक्षण दिवसको अवसरमा तनहुँको व्यास नगरपालिका-स्थित भादगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको खानेपानी संकलन ट्याङ्की क्षेत्र वरपर वृक्षारोपण गरिएको छ।

भू तथा जलाधार व्यवस्थापन कार्यालय, तनहुँ र भादगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको आयोजनामा तथा डिभिजन वन कार्यालय, तनहुँको सहयोगमा शनिबार वृक्षारोपण कार्यक्रम गरिएको हो । कार्यक्रममा करिब १ हजार १ सय विभिन्न प्रजातिका बिरूवा रोपिएको कार्यालयका प्रमुख दिवाकर पौडेलले जानकारी गराए।

कार्यक्रममा जिल्ला समन्वय समिति तनहुँका समन्वय प्रमुख शान्तिरमण वाग्लेले नेपालको भौगोलिक बनावट धेरै भिरालो रहेकाले भूक्षय, बाढी र पहिरोजस्ता समस्या बढ्दै गएको बताए । चुरे क्षेत्रको संरक्षण हुन नसक्दा तराई-मधेसमा समेत पानीको अभाव बढ्दै गएको उनले उल्लेख गरे ।

विकासका नाममा निर्माण गरिएका पूर्वाधारका कारण समेत भूक्षय, बाढी र पहिरोको जोखिम बढेको भन्दै वाग्लेले विकासका



संरचनालाई वातावरणमैत्री र दिगो बनाउनुपर्नेमा जोड दिए । पर्यावरण संरक्षण र दिगो विकासका लागि भूसंरक्षणलाई प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ थियो।

व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले विकाससँगै सिर्जना भएका पर्यावरणीय समस्याप्रति सचेत हुनुपर्ने बताए। पानीका मुहान सुक्ने, जलसञ्चिति घट्ने तथा सहरी क्षेत्रमा सिमेन्टेड

बाँकी अन्तिम पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# ग्रामीण पर्यटन : समृद्धिको नयाँ आधार

नेपालको पर्यटन चर्चा हुँदा प्रायः हिमाल, पोखरा वा सहर केन्द्रित गन्तव्यहरु मात्र सम्झिने गरिन्छ। तर, वास्तविक नेपाल गाउँमा बस्छ– जहाँ प्रकृति, संस्कृति र जीवनशैलीको अद्वितीय संगम पाइन्छ। यिनै सम्भावनालाई उजागर गर्ने माध्यम हो गाउँ पर्यटन। पछिल्लो समय तनहुँको बन्दीपुर जस्ता गन्तव्यहरूले देखाएको उदाहरणले स्पष्ट पार्छ कि ग्रामीण पर्यटन अब केवल विकल्प होइन, समृद्धिको महत्वपूर्ण आधार बन्न सक्ने क्षेत्र हो । एक समय पश्चिम पहाडका जिल्लाहरूका लागि व्यापारिक नाका बनेको बन्दीपुर आज पर्यटकको रोजाइको गन्तव्यमा परिणत भएको छ। मोटरबाटोको अभावमा व्यापारिक केन्द्रका रूपमा फस्टाएको यो ठाउँ समयसँगै आफ्नो पहिचान बदल्दै पर्यटकीय केन्द्र बनेको हो। यसको ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक आकर्षणले आज देश–विदेशका पर्यटकलाई लोभ्याइरहेको छ। तत्कालीन राजा महेन्द्र वीर विक्रम शाहले बन्दीपुरलाई "पहाडकी रानी"को उपमा दिनु केवल प्रशंसा मात्र थिएन, यसको सम्भावनाको पहिचान पनि थियो।

आज बन्दीपुरमा प्राचीन शैलीका घरहरु, नेवारी संस्कृतिको झल्को दिने बस्ती, रमणीय हिमाली दृश्य र धार्मिक स्थलहरूले पर्यटकलाई आकर्षित गरिरहेका छन्। यहाँको टुँडिखेल, खड्गदेवी मन्दिर, वरपरका गाउँहरु र परम्परागत जीवनशैलीले ग्रामीण पर्यटनको उत्कृष्ट नमूना प्रस्तुत गरेका छन्। अझ, "बन्दीपुरे उकाली लामो..." जस्ता लोकगीतहरूले यस क्षेत्रको सांस्कृतिक स्मृतिलाई अझ जीवन्त बनाइरहेका छन् । यस्ता सम्भावनालाई संस्थागत रूपमा अगाडि बढाउन पछिल्लो समय विभिन्न पहलहरु भइरहेका छन्। विशेषगरी नेपाल पर्यटन बोर्ड, स्थानीय तह र सरोकारवाला संस्थाहरूको सहकार्यमा गाउँ पर्यटन मेलाजस्ता कार्यक्रम आयोजना हुनु सकारात्मक संकेत हो। यस्ता मेलाहरूले गाउँका साना व्यवसायी, होमस्टे सञ्चालक र स्थानीय उत्पादनलाई सिधै बजारसँग जोड्ने अवसर प्रदान गर्छन्। ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन यसले महत्वपूर्ण भूमिका खेल्न सक्छ।

गाउँ पर्यटनको मुख्य आधार हो– स्थानीय सहभागिता। होमस्टे अवधारणा यसको ज्वलन्त उदाहरण हो, जहाँ पर्यटकले स्थानीय परिवारसँग बसेर उनीहरूको संस्कृति, खानपान र जीवनशैली अनुभव गर्न सक्छन्। यसले एकातिर पर्यटकलाई नयाँ अनुभव दिन्छ भने अर्कोतिर स्थानीयलाई आयआर्जनको अवसर सिर्जना गर्छ। बन्दीपुरमा सञ्चालनमा रहेका सामुदायिक घरबासहरु (होमस्टे) यसका सफल नमूनाका रूपमा रहेका छन् । यद्यपि, सम्भावना हुँदाहुँदै पनि गाउँ पर्यटनले अझै पूर्ण रूपमा गति लिन सकेको छैन। पूर्वाधारको अभाव, प्रचारप्रसारको कमी, तालिम तथा व्यावसायिक दक्षताको अभावजस्ता समस्या अझै विद्यमान छन्। धेरै गाउँहरूमा सडक, सञ्चार, स्वास्थ्य र सरसफाइका आधारभूत सुविधा पर्याप्त छैनन्, जसले पर्यटकको बसाइलाई असहज बनाउँछ। त्यसैले, गाउँ पर्यटनको विकासका लागि केवल योजना होइन, व्यवहारिक कार्यान्वयन आवश्यक छ।

सरकारले पछिल्लो समय हप्तामा दुई दिन बिदाको व्यवस्था गरेसँगै आन्तरिक पर्यटन बढ्ने अपेक्षा गरिएको छ। यस अवसरलाई सदुपयोग गर्दै गाउँ पर्यटनलाई प्रवर्द्धन गर्न सकिन्छ। शहरको भीडभाडबाट टाढा शान्त वातावरण खोज्ने पर्यटकका लागि गाउँ उत्कृष्ट विकल्प बन्न सक्छ। यसका लागि स्थानीय तहले योजनाबद्ध रूपमा पूर्वाधार विकास, क्षमता अभिवृद्धि र प्रचारप्रसारमा ध्यान दिनुपर्छ । गाउँ पर्यटनले केवल आर्थिक लाभ मात्र दिंदैन, यसले सांस्कृतिक संरक्षणमा पनि महत्वपूर्ण योगदान पुऱ्याउँछ। परम्परागत कला, संस्कार, खानपान र जीवनशैलीलाई जोगाउन यसले सहयोग गर्छ। साथै, स्थानीय उत्पादन– अर्गानिक खाना, रैथाने बाली र हस्तकलालाई बजार उपलब्ध गराउँदै आत्मनिर्भरता बढाउँछ । समग्रमा, गाउँ पर्यटन नेपालका लागि दिगो विकासको बलियो आधार बन्न सक्छ। बन्दीपुरजस्ता उदाहरणले देखाएको बाटोलाई अन्य गाउँहरूले पनि पछ्याउन सकेमा ग्रामीण अर्थतन्त्र मजबुत हुनेछ। अब आवश्यक छ– सरकार, निजी क्षेत्र र स्थानीय समुदायबीचको सहकार्य, स्पष्ट नीति र दृढ कार्यान्वयन। गाउँ पर्यटनलाई प्राथमिकतामा राख्न सके, समृद्ध नेपालको यात्रा गाउँबाटै सुरू हुन सक्छ ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर–१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५–५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

# नेपालका आदिवासीको विश्लेषण गर्ने तीन मापदण्ड

विश्व आदिवासी दिवसको अवसरमा आदिवासी जनजातिको परिभाषा, ऐतिहासिक विकासक्रम र विद्यमान सूचीकरणमा रहेका जटिलता तथा विरोधाभासहरूका बारेमा गहिरो विश्लेषण गरिएको छ । प्रतिष्ठान ऐनद्वारा परिभाषित ६० आदिवासी जनजातिहरूको सूचीलाई वैज्ञानिक आधारमा परिमार्जन गर्न विस्तृत मानवशास्त्रीय अध्ययन तथा तथ्यपरक विश्लेषणको आवश्यकता औंल्याइएको छ। आदिवासी जनजाति सम्बद्ध निकायहरूले दलीय स्वार्थभन्दा माथि उठेर अल्पसत्यक र सीमान्तकृत समुदायको अधिकार संरक्षणका लागि समन्वयात्मक पहल गर्नुपर्ने आवश्यकता छ ।

विश्व आदिवासी दिवस । संयुक्त राष्ट्रसंघद्वारा सन् १९९३ लाई 'विश्व आदिवासी वर्ष' तथा सन् १९९५–२००४ लाई विश्व आदिवासी जनताको अन्तर्राष्ट्रिय दशक घोषणा गरिनुले नेपालमा पनि आदिवासी भन्ने अवधारणाको प्रयोग र बहसलाई थप गति प्रदान गरेको थियो । विश्व आदिवासी जनताको अन्तर्राष्ट्रिय दशकको सन्दर्भमा नेपालमा गठित राष्ट्रिय तदर्थ समितिद्वारा मार्च १९९४ मा आयोजित राष्ट्रिय परामर्श कार्यशालामा 'आदिवासी' शब्दको थप सैद्धान्तिक व्याख्या र पारिभाषिकीकरण गरियो ।

उक्त कार्यशालाले आदिवासीलाई आफ्नै विशिष्ट तथा मौलिक भाषा, संस्कृति र प्रकृतिपूजक धार्मिक परम्परा भएका, ऐतिहासिक रूपमा नेपालको भूभागका प्रारम्भिक बसोबासी वा मुख्य निवासीहरूको वर्तमान पुस्तागत सन्तति, भूमि र स्रोत–साधनबाट वञ्चित वा विस्थापित गरिएका, राज्यसत्ता र निर्णय प्रक्रियामा सीमान्तीकृत रहेका तथा आफूलाई आदिवासीका रूपमा आत्मपहिचान गर्ने समुदायका रूपमा परिभाषित गऱ्यो जसले नेपाली सन्दर्भमा 'आदिवासी' शब्द प्रायः 'जनजाति' को पर्यायका रूपमा प्रयोग गऱ्यो र यो नै नेपालको सन्दर्भमा पहिलो पटक संगठित रूपमा गरिएको ठोस अवधारणागत परिभाषा थियो । यही पृष्ठभूमिमा २०५२ सालमा तत्कालीन सरकारले समाजशास्त्री सन्तबहादुर गुरूङ्को संयोजकत्वमा एक कार्यदल गठन गरी जनजातिको उत्थानको लागि कार्य गर्ने एउटा सरकारी निकाय स्थापना सम्बन्धी संरचनात्मक ढाँचा र कार्यविधि सिफारिश गर्ने कार्यादेश दिइएको थियो ।

उक्त कार्यदलले आफ्नो प्रतिवेदनमा राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान स्थापना गर्ने प्रस्ताव गरेको थियो । यद्यपि, प्रस्तावित संरचनाको नाममा आदिवासी शब्द समाविष्ट गरिएको थिएन (उक्त शब्द पछि सम्बन्धित विधेयकमाथि संसदीय छलफलका क्रममा थपिएको थियो), तर जनजातिको परिभाषाभित्र भने आदिवासीको अवधारणा समेटिएको थियो ।

कार्यदलले मुख्यतः माथि उल्लिखित आदिवासी जनजातिको अवधारणासँगै मेल खाने गरी त्यस्ता समुदायलाई जनजातिको रूपमा परिभाषित गरेको थियो जो हिन्दु वर्णव्यवस्थाको चार तहमा आधारित सामाजिक संरचनाभित्र नपर्ने र जसको आफ्नै परम्परागत भाषा, धर्म, संस्कार तथा संस्कृति, छुट्टै सामूहिक सांस्कृतिक पहिचान, समानतामा आधारित परम्परागत सामाजिक संरचना, निश्चित भौगोलिक क्षेत्रमा ऐतिहासिक बसोबास, लिखित वा मौखिक इतिहास, जनजातिको रूपमा स्वपहिचान र हामीपनको भावना भएको र जसको आधुनिक नेपालको राजनीतिक संरचना तथा राज्य सञ्चालन प्रक्रियामा पर्याप्त प्रभाव वा प्रतिनिधित्व नभएको अवस्था विद्यमान छ । यिनै मापदण्डको आधारमा कार्यदलले ६१ समुदायलाई जनजातिको रूपमा सूचीकरणको लागि सिफारिश गरेको थियो ।

सोही बमोजिम राष्ट्रिय जनजाति विकास समिति गठन आदेश २०५४ मार्फत सरकारले सिफारिश गरिएको जनजातिको सूचीलाई २०५४ साल वैशाख २ गते औपचारिक रूपमा सूचीकृत गरेको थियोइ। यसैबीच, विभिन्न आदिवासी जनजाति संगठनहरूको छाता संस्थाको रूपमा २०४७ सालमा नेपाल आदिवासी जनजाति महासंघ स्थापित भयो जसले आफ्नो विधान मार्फत 'आदिवासी जनजाति' भन्नाले हिन्दु वर्णाश्रम भित्र नपर्ने आफ्नो परम्परागत भौगोलिक बसोबासका क्षेत्र, धर्म, संस्कृति, लिखित/अलिखित र मौखिक इतिहास, मौलिक मातृभाषा, परम्परागत रीतिरिवाज, सांस्कृतिक पहिचान र सामाजिक संरचना भएको समुदाय भनी परिभाषित गरेको थियो, जुन अद्यापि कायम छ । यहाँसम्म आइपुग्दा आदिवासी जनजातिको आधारभूत अवधारणा र परिभाषामा सुसंगति र एकरूपता नै पाइन्छ ।

राष्ट्रिय जनजाति विकास समितिले आधिकारिक सूचीमा समावेश ६१ जनजातिहरु माथि २०५४ देखि २०५६ को अवधिमा विस्तृत एथ्नोग्राफिक अध्ययन–अनुसन्धान गरेको थियो, जसको आधारमा सूचीकृत ६१ जनजातिमध्ये चिमतन्, ठिनतन् र स्यांगतनलाई मिलाएर तीनगाउँले थकाली नामकरण तथा मनाङेलाई हटाएर याक्खा थप गरी जम्मा ५९ आदिवासी जनजाति कायम गर्दै आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ जारी भयो। उक्त ऐनले आदिवासी र जनजातिलाई पर्यायवाचीको रूपमा आत्मसात् गर्दै आदिवासी/जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायको रूपमा परिभाषित गऱ्यो ।



सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक, राजनीतिक, जीवनपद्धति, सभ्यता र मानव विकास आदिमा बहिष्कृत तथा सीमान्तकृत समुदाय जनजाति हो ।

कृष्ण योगी फ्रि



यस परिभाषामा 'जनजाति हिन्दु वर्णव्यवस्थाको चार तहमा आधारित सामाजिक संरचना भित्र नपर्ने र राज्यबाट ऐतिहासिक र संरचनात्मक बहिष्करणमा परेको समुदाय हो' भन्ने आयामलाई समावेश गरिएन । यसरी राज्यस्तरबाट नेपालको सन्दर्भमा आदिवासी जनजाति को हो र को होइन भन्ने विषयमा औपचारिक कार्यमूलक परिभाषा विकसित भयो । साथै, प्रतिष्ठान सञ्चालक परिषदको सिफारिशमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी सूचीमा संशोधन गर्न सक्ने कानूनी व्यवस्था सहित ५९ समुदायलाई आदिवासी/जनजातिको कानूनी मान्यता प्रदान गऱ्यो ।

सोही बमोजिम नेपाल सरकारले वि.सं. २०७७ जेठ ५ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी रानाथारु थप गरेपछि हाल आदिवासी जनजाति समुदायको संख्या ६० पुगेको छ । यही ६० वटा आदिवासी जनजातिको औपचारिक सूची नै हाल आदिवासी जनजाति आयोग, प्रतिष्ठान, महासंघ तथा सरकारी र अन्य निकायहरूको लागि मातृसूची बनेको छ । आदिवासी जनजाति आयोग ऐन २०७४ को परिभाषा खण्डमा आदिवासी जनजाति भन्नाले आयोगको सिफारिशमा नेपाल सरकारले तोकेको जाति वा समुदालाई सम्झनुपर्छ भन्ने उल्लेख छ तथापि आयोगको काम, कर्तव्य र अधिकार खण्डमा उल्लिखित १९ सूत्रीय कार्यक्षेत्र अन्तर्गत आदिवासी जनजाति सूचीकरणको सिफारिश गर्ने विषय उल्लेख छैन, बरू आदिवासी जनजाति समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्नको लागि नेपाल सरकारलाई सिफारिश गर्ने जिम्मेवारी चाहिं तोकिएको छ ।

तसर्थ, आयोगले हालसम्म आदिवासी जनजातिको छुट्टै परिभाषा र सूची सिफारिश नगरेको र प्रतिष्ठान ऐनमा उल्लिखित ६० जनजातिको सूची र राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा प्रकाशित आधिकारिक जनसांख्यिक तथा जातजातिगत तथ्याङ्ककै आधारमा आफ्नो वार्षिक प्रतिवेदनहरु तयार, निर्णय/सिफारिश, आदिवासी जनजातिको थर सूचीकरण सिफारिश र अन्य प्रकाशनहरु गर्ने गरेको पाइन्छ ।

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष** — कार्यक्षेत्रमा नयाँ जिम्मेवारी आउन सक्छ। सहकर्मीको सहयोग मिल्नेछ। आर्थिक पक्ष सामान्य रहनेछ।

**वृष** — धैर्य र संयम अपनाउनुपर्ने दिन छ। सानो लगानीबाट फाइदा मिल्न सक्छ। पारिवारिक भेटघाट हुन्छ ।

**मिथुन** — रचनात्मक कार्यमा सफलता मिल्नेछ। व्यापारमा नयाँ योजना अघि बढाउँदा फाइदा हुने देखिन्छ ।

**कर्कट** — काममा ढिलाइ हुन सक्छ तर अन्ततः सफलता मिल्नेछ। परिवारको साथ र सहयोगले मनोबल बढ्नेछ।

**सिंह** — नेतृत्वदायी भूमिका निभाउने अवसर मिल्नेछ। सामाजिक क्षेत्रमा मान-सम्मान बढ्नेछ। आर्थिक लाभको योग छ।

**कन्य** — नयाँ सीप सिक्ने अवसर मिल्नेछ। स्वास्थ्यमा सुधार आउनेछ। रोकिएका काम अघि बढ्नेछन्।

**तुला** — साझेदारी कार्यमा सावधानी अपनाउनु पर्छ। प्रेम सम्बन्ध प्रगाढ बन्नेछ। सानातिना विवादमा पर्न सकिन्छ ।

**वृश्चिक** — परिश्रमअनुसार उपलब्धि प्राप्त हुनेछ। जागिरमा पदोन्नतिका साथै नयाँ जिम्मेवारी प्राप्त हुन्छ ।

**धनु** — टाढाको यात्राबाट लाभ मिल्न सक्छ। आर्थिक अवस्था सुदृढ बन्ने संकेत छ। साथीको सहयोग प्राप्त हुनेछ।

**मकर** — दीर्घकालीन योजनामा लगानी गर्दा फाइदा मिल्नेछ। स्वास्थ्य सामान्य रहनेछ। यात्राको सम्भावना छ ।

**कुम्भ** — नयाँ अवसर प्राप्त हुन सक्छ। वैदेशिक सम्बन्धबाट लाभ मिल्नेछ। प्रेम जीवनमा खुशी छाउनेछ।

**मीन** — कला र साहित्य क्षेत्रमा रूचि बढ्नेछ। व्यापारमा लाभको संकेत छ। अध्ययनमा प्रगति हुनेछ ।

# नेपालका आदिवासीको ......

**आदिवासी जनजातिको विरोधाभासपूर्ण बुझाइ**

माथि उल्लिखित आदिवासीको परिभाषाकै परिप्रेक्ष्यमा केही आदिवासी जनजाति समुदाय र जनजाति आन्दोलनका केही अभियन्ताहरूको कट्टर बुझाइमा आदिवासी जनजातिहरु नेपाली भूभागमै उत्पत्ति भएका र हिन्दु वर्णाश्रम अन्तर्गतका जातीय पृष्ठभूमिका मानिसहरूको आगमन पछि मात्र भएकोले उनीहरु आदिवासी नरहेको तर्क पनि सुन्ने गरिएको छ । यो तथाकथित भ्रमात्मक भाष्यका कारण पनि नेपाली समाजमा जात/जाति-जनजाति, आदिवासी-गैर आदिवासी, मूलवासी-आप्रवासी, हिन्दु-गैरहिन्दु जस्ता द्वैध विरोधी अन्तरविरोधहरु कायम छन् ।

हालसम्म प्राप्त पुरातात्विक प्रमाणका आधारमा प्राक्ऐतिहासिक घटनाहरु र सांस्कृतिक उद्विकासको क्रमलाई हेर्ने हो भने करिब साढे ४ अर्ब वर्ष पुरानो पृथ्वीमा होमो अर्थात् मान्छे जस्तै लाग्ने हाम्रा पुर्खा चाहिं २२ देखि २५ लाख वर्ष पुराना मानिन्छन्, जसले ढुङ्गे हतियारको प्रयोग गर्न थालेका थिए । करिब ५० लाख वर्ष पहिले चिम्पान्जीका पुर्खा प्राइमेट्सबाट मानव प्रजातिमा छुट्टिएको, २५ लाख वर्ष पहिले होमो-हेविलिसको उदयसँगै सांस्कृतिक मानव इतिहासको सुरूआत भएको, १८ लाख वर्ष पहिले पूर्वी एशियामा र ६ लाख ५० हजार वर्ष पहिले युरोपमा होमो-इरेक्टसको पहिलो बसोबासको संकेत रहेको, अनि होमो-सेपियन्स अर्थात् ठ्याक्कै हामी जस्तै देखिने हाम्रा नजिकका पुर्खा भने करिब २ लाख वर्ष पहिले पूर्वी अफ्रिकामा देखा परेका र ३५ हजार वर्ष पहिले पृथ्वीमा उनीहरूको एकछत्र राज कायम भई १२ हजार वर्ष पहिले खेतीपाती (कृषि) युगको सुरूआत सँगै आधुनिक मानव सभ्यताको जग बसेको र करिब २ हजार ६०० वर्ष पहिले राजा यलम्बरले नेपालमा किराती अधिराज्यको स्थापना गरेको पाइन्छ। (सुरेश ढकाल, २०८१)

तसर्थ, मानवशास्त्रीय दृष्टिकोणबाट हेर्दा कुनै पनि जाति वा समुदाय नेपाली भूभागमै उत्पत्ति भएको पाइँदैन । जुन मानव समुदाय नेपाली भूभागमा आई मानव सभ्यता, भाषा, संस्कृति, संस्कार, परम्परा, मूल्यमान्यता, रहनसहन, सामाजिक र जातीय संरचना, भेषभुषा, खानपान, बाजागाजा, गीतसंगीत, साहित्य, पुर्ख्यौली पेशा, आर्थिक प्रणाली, जीवनपद्धति, बसोबास र खेतीयोग्य पुर्ख्यौली भूमि, परम्परागत शासनप्रणाली आदि सृजना गरेको छ, उक्त समुदायलाई त्यस क्षेत्रको आदिवासी मान्न सकिन्छ । जस्तै लिम्बू, राई, तामाङ्, गुरूङ्, मगर, थारु लगायत प्रायः सबै आदिवासी जनजाति र खस समुदायले यी कुराहरु उनीहरूको सम्बन्धित पुर्ख्यौली भूमिमा आइसकेपछि विकास गरेका हुन्, अन्य देश वा भूमिबाट आयातित होइन ।

फ्रान्सेली मानवशास्त्री जेरार्ड टोफिन (सन् २००९) र नेपालका इतिहासकार तथा अनुसन्धानकर्ता प्रत्यूष वन्त (सन् २००६) को विश्लेषणमा प्रतिष्ठान ऐनमा उल्लिखित परिभाषा र आदिवासी जनजातिको सूचीले केही अस्पष्टता, अन्योल र विवाद सिर्जना गरेको छ। विशेषतः एउटै जातीय समूहका उप-समूहलाई भौगोलिक र भाषिक आधारमा छुट्टाछुट्टै सूचीकरण गरिनुले यस्तो अवस्था उत्पन्न भएको देखिन्छ । थकाली, राई र हिमाली भोटे समुदाय यसका प्रमुख उदाहरण हुन् ।

यसैगरी, नेवार समुदायको सूचीकरणले पनि दीर्घकालीन बहस निम्त्याएको छ । नेवारहरु मुख्यतः शहरी क्षेत्रमा बसोबास गर्ने, सामाजिक रूपमा विकसित तथा राज्यका शक्तिकेन्द्रसँग ऐतिहासिक रूपमा निकट सम्बन्ध राख्ने समुदायको रूपमा चिनिन्छन् र प्रशासन, शिक्षा, राजनीति तथा आर्थिक क्षेत्रमा उनीहरुको उल्लेखनीय उपस्थिति रहेको छ साथै नेवार समाजमा हिन्दु धर्म र श्रेणीकृत जातीय संरचना रहेको पाइन्छ । त्यसैले आधुनिक नेपाली राज्यबाट अन्य कतिपय समुदायले भोगे जस्तो संरचनागत वञ्चितीकरण वा उत्पीडनको इतिहास नेवार समुदायले अनुभव गरेको दाबी अपेक्षाकृत कमजोर देखिन्छ ।

त्यस्तैगरी, प्रत्येक व्यक्ति एउटै मात्र जातीय वा जातिगत समूहसँग सम्बन्धित हुन्छ, जन्मदेखि नै सोही समूहको सदस्य हुन्छ र जीवनकालभरि आफ्नो समूह परिवर्तन गर्न सक्दैन, संस्कृति र समाजहरु स्पष्ट रूपमा सीमाङ्कित, परस्पर पृथक् तथा स्थिर/अपरिवर्तनीय एकाइहरु हुन् भन्ने जनजाति आन्दोलन र त्यसका केही अभियन्ताहरूको सारतत्ववादी दृष्टिकोण रहेको पाइन्छ ।

यस्ता विचारहरु मानवशास्त्रको प्रारम्भिक चरणसँग सम्बन्धित छन् र समकालीन मानवशास्त्रीय सिद्धान्तहरूसँग मेल खाँदैनन् । आधुनिक मानवशास्त्रले जातीय सीमाहरु स्थिर नभई परिवर्तनशील हुने, र समयक्रमसँगै सामाजिक अन्तःक्रियात्मक प्रक्रियाबाट निर्मित हुने तथ्यलाई जोड दिएको छ । उदाहरणको रूपमा नेपालका हिन्दु जातीय समूहहरु र जनजाति समुदाय बीच रहेको व्यापक अन्तरजातीय वैवाहिक सम्बन्धहरु र हिन्दु राजकीय संस्कारहरूमा मगर पुरोहितहरूको उपस्थितिले उनीहरु बीच शारीरिक विशेषताहरूको अन्तरघुलन र सांस्कृतिक सम्मिश्रण भएको तथ्य पाइन्छ ।

न्यान्सी लेभिन (सन् १९८७) ले उत्तरपश्चिम नेपालको साँघुरो भौगोलिक क्षेत्रमा सहअस्तित्वमा रहेका तीन समूहहरुः ब्याँसी (बुरा), खस क्षत्री र तिब्बती भोटे समुदाय बीचको अन्तरजातीय विवाह र नयाँ वातावरणमा आर्थिक तथा जीविकोपार्जन प्रणालीसँगको अनुकूलन प्रक्रियाको परिणतिस्वरूप उनीहरूको जातीय पहिचान रूपान्तरण भएको पाइन्छ। उदाहरणको रूपमा बुराहरु पर्वते कृषिजन्य जीवनशैली अवलम्बन गर्दै मतवाली क्षत्रीमा रूपान्तरित भए भने भोटे समुदायले तिब्बतसँगको आफ्नो परम्परागत व्यापारिक सम्बन्ध त्याग्दै तथा आफ्ना आर्थिक गतिविधिहरु परिवर्तन गर्दै बुरा समुदायको स्वरूप ग्रहण गरे ।

त्यस्तै गरी, हाल पृथक् र विशिष्ट जातिको रूपमा अस्तित्वमा रहेको समुदायहरु कुनै बेला एउटै भाषा, संस्कृति, परम्परा र भूगोलमा विकसित भएका हुनसक्छन् तर समयक्रममा छुट्टै जातीय समुदायको रूपमा स्वपहिचान सहित आ ँनो अस्तित्व कायम गरेको देखिन्छ । उदाहरणको लागि छन्त्याल र मगर, घले, तामाङ्ग र गुरूङ्ग, दुरा र गुरूङ्ग, चेपाङ्ग र वनकरिया बीचको पूर्ण भिन्नता छुट्याउन सहज छैन । काठमाडौं उपत्यकाको आसपासको क्षेत्रमा बसोबास गर्ने पहारी (बलामी) को भाषा, संस्कृति र धार्मिक संस्कारहरु नेवारसँग मिल्दोजुल्दो भए पनि पहारी छुट्टै जातीय समुदायको रुपमा अस्तित्वमा छ ।

त्यसैगरी नाथ सम्प्रदायबाट छुट्टिएर तान्त्रिक ऋषि/गुरू गोरखनाथ र मच्छिन्द्रनाथको तान्त्रिक अनुयायीको रूपमा आम रूपमा समाजले सम्मान गर्ने विशिष्ट र मौलिक फेरी संस्कृति तथा भैरूङ्ग प्रणाली र यीसँग सम्बन्धित धार्मिक, सांस्कृतिक र सामाजिक परम्पराहरु विकास गरी सुरूआतदेखि नै गैर तागाधारी (व्रतबन्ध नगर्ने तथा जनै नलगाउने) र मतवालीको सांस्कृतिक पहिचान सहित फ्रि जाति छुट्टै जातीय समुदायको रूपमा अस्तित्वमा रहेको छ । यी उदाहरणले धार्मिक-सांस्कृतिक बहुलवाद तथा सांस्कृतिक समन्वयवाद र जातीय अन्तरग्रहणको अवस्था अभिव्यक्त गर्दछन् ।

जातीय पहिचान सम्बन्धीको आधुनिक सैद्धान्तिक अवधारणाले जातीयता गतिशील, परिस्थितिजन्य तथा परिवर्तनशील हुन्छ भन्ने मान्यता राख्छ, जसलाई समर्थन गर्दै फ्रेडरिक बार्थ (सन् १९६९) ले पनि जातीय समूहलाई परिभाषित गर्ने मूल तत्व स्थिर सांस्कृतिक सार नभई अन्य समूहसँगको सामाजिक सिमाना र समायोजित सांस्कृतिक विशेषता हुन् भनी तर्क गरेका छन् ।

**आदिवासी जनजातिलाई कसरी परिभाषित गर्ने त ?**

नेपालको पहिलो मुलुकी ऐन, १९१० ले हिन्दु वर्णव्यवस्थामा आधारित सामाजिक श्रेणीकरणलाई कानूनी रूप दिई राज्य संरचना, प्रशासनिक व्यवस्था र सार्वजनिक नीतिहरु मार्फत संस्थागत गरेको थियो। नेपालका सबै जातजातिलाई तागाधारी, नमासिन्या मतवाली, मासिन्या मतवाली, पानी नचल्ने तर छोइछिटो हाल्नुनपर्ने र पानी नचल्ने तथा छोइछिटो हाल्नुपर्ने गरी पाँच समूहमा श्रेणीबद्ध रूपमा विभाजन गरी राज्य शक्ति तथा स्रोतको बाँडफाँड, राज्य संरचनाको गठन र शासकीय अधिकार र पहुँच, गैरउल्लंघनीय निश्चित पेशा-व्यवसायको निर्धारण र राज्यका कानूनहरूको परिपालना आदि सोही जातीय पदसोपान अनुसार निर्दिष्ट गरियो । यसले नेपालमा संरचनात्मक बहिष्करणको ऐतिहासिक र दीर्घकालीन आधार तयार गऱ्यो ।

यस सन्दर्भमा, प्रतिष्ठान ऐनमा उल्लेख भए जस्तै यदि आदिवासी जनजातिको परिभाषा केवल मातृभाषा, परम्परागत रीतिरिवाज, संस्कृति, पृथक् सामाजिक संरचना र इतिहासमा मात्र सीमित गर्ने हो भने हिन्दु प्रभुत्वशाली समूहहरु (ब्राह्मण, क्षत्री, ठकुरी, संन्यासी) र दलित समुदाय, मधेशी जातीय समूहहरु तथा मतवाली समुदायहरु बीच कुनै सार्थक भिन्नता कायम रहँदैन । शाब्दिक रूपमा जनजाति र आदिवासी एउटै होइनन्, दुवैले छुट्टै अर्थ बोध गर्छन् ।

सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक, राजनीतिक, जीवनपद्धति, सभ्यता र मानव विकास आदिमा बहिष्कृत तथा सीमान्तकृत समुदाय जनजाति हो। जनजाति आदिवासी हुन सक्छ, नहुन पनि सक्छ । किनभने आदिवासी शब्दले खास जात वा जातिको मानव र भूगोल मिश्रित इतिहासको कालखण्ड बोध गर्छ, तसर्थ भूमिपुत्र भन्ने पर्यायवाची शब्द पनि प्रयोग गर्ने गरिएको छ। आईएलओ महासन्धि १६९ अनुसार आधुनिक राज्य निर्माण र सो राज्यको सिमाना निर्धारण हुनुभन्दा अघिदेखि बसोबासरत समुदाय आदिवासी हो ।

वर्तमान नेपालको राज्य निर्माण वि.सं. १८२५ मा गोरखाका राजा पृथ्वीनारायण शाहले गरेको एकीकरणबाट शुरू हुन्छ र यसको अन्तर्राष्ट्रिय सीमा निर्धारण १८७३ मा ब्रिटिश इन्डियासँग गरेको सुगौली सन्धिबाट भएको हो । यस कोणबाट हेर्दा सैद्धान्तिक रूपमा गैर जनजाति पनि आदिवासी हुन सक्छ । त्यसैले नेपालको सन्दर्भमा को आदिवासी तथा प्रभुत्वशाली/उन्नत जातजाति र को आदिवासी तथा जनजाति हो भन्ने कुराको निर्क्योल गर्नु जरूरी छ ।

यस परिप्रेक्ष्यमा तीन वटा मापदण्डको आधारमा आदिवासी जनजातिलाई परिभाषित गर्न सकिन्छ : (१) आफ्नै मातृभाषा, परम्परागत रीतिरिवाज, विशिष्ट सांस्कृतिक पहिचान, समानतामा आधारित सामाजिक संरचना तथा पुर्ख्यौली थातथलो र सांस्कृतिक अभ्याससँग सम्बन्धित जातीय नाम कायम रहेको समुदाय, (२) सांस्कृतिक हिन्दुकरण वा संस्कृतिकरणको प्रभाव परे पनि आफ्नो मौलिक धार्मिक र सांस्कृतिक अभ्यास, परम्परा, रीतिरिवाज तथा सामाजिक पहिचान निरन्तर रूपमा कायम राखेको (विशेषतः गैरतागाधारी परम्परा, मतवाली पहिचान तथा अन्य जातजातिसँग सोही बमोजिमको सामाजिक र सांस्कृतिक सम्बन्ध) समुदाय र (३) सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक र राजनीतिक दृष्टिले पछाडि पारिएको, राज्यसत्तामा पहुँच, प्रतिनिधित्व र सहभागिताबाट ऐतिहासिक रूपमा वञ्चित रहेको तथा जनसांख्यिक रुपमा अल्पसंख्यक र सीमान्तीकृत अवस्थामा रहेको समुदाय ।

**मौजुदा सूचीमाथिको विवाद र अबको बाटो**

राष्ट्रिय जनगणना २०७८ सहित हालसम्मको जनगणनामा सूचीकृत आदिवासी जनजातिमध्ये ७ वटा समुदायः सियार, थुदाम, छैरोतन, ताङ्वे, तीनगाउँले थकाली, बाह्रगाउँले र मार्फाली थकालीको जनसंख्या उल्लेख छैन । राष्ट्रिय जनगणना २०७८ मा वनकरिया, सुरेल, फ्रि, मुगाली र लार्के पहिलो पटक समावेश भएका हुन् ।

नेपाल पक्ष राष्ट्र रहेको आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रले समेत सुनिश्चित गरेको आत्मनिर्णयको अधिकार बमोजिम व्यक्ति वा समुदाय स्वयंलाई कुनै जातजाति वा आदिवासी जनजातिको रूपमा स्व-पहिचान गर्ने अधिकार रहन्छ । सोही बमोजिम विभिन्न जातजातिले आफूले स्व-पहिचान गरेको जातीय पहिचानलाई अभिव्यक्त गरेको देखिन्छ । आदिवासी जनजाति आयोग, केही जातीय संघसंस्थाहरु तथा केही अभियन्ताहरूले भने जनगणनामा समेटिएका जातजाति र सूचीकृत आदिवासी जनजातिहरूको विवरण माथि विमति र असन्तुष्टि राखेको पाइन्छ।

तर माथि उल्लेख गरिए जस्तै सांस्कृतिक परिवर्तनीयता, रूपान्तरणीय जातीय पहिचान तथा जातीयताको निर्माण, विनिर्माण र पुनर्निर्माणको प्रक्रियाका कारण इतिहासको विभिन्न कालखण्डमा विभिन्न समुदायले आफ्नो छुट्टै जातीय पहिचान दाबी गर्ने गरेको पाइन्छ । परिणामस्वरूप परम्परागत रूपमा भाषा, धर्म र जातजातिको अन्तरसम्बन्धलाई हेर्ने हो भने नेपालमा जातजातिहरु तीन वर्गमा रहेको पाइन्छः (१) एक जाति-एक भाषा-एक धर्म (लिम्बू, तामाङ्, गुरूङ् आदि), (२) एक भाषा तथा एक धर्म-बहु जाति (खस, दलित, मधेशी आदि) र (३) बहु भाषा-एक जाति (राई, मगर, थारु आदि) ।

आदिवासी जनजाति आयोग, केही जनजाति अभियन्ता तथा अध्येताहरूले समेत विस्तृत अध्ययन अनुसन्धान विना नै सूचीकृत आदिवासी जनजाति छैरोतनलाई छैरो गाउँ र त्यहाँ बस्ने जुनसुकै समुदायका बासिन्दा रहेको र छुट्टै जाति नरहेको, फ्रि छुट्टै जाति नभई भुलवश ऐनमा पहरीलाई नै दुईचोटि पहरी र फ्रिको रूपमा उल्लेख गरिएको, थुदाम कुनै जाति वा समुदाय नभएर गाउँको नाम रहेको, साथै सियार, ताङ्वे, तीनगाउँले थकाली, बाह्रगाउँले र मार्फाली थकाली जनगणनामा उल्लेख नभएको र सम्पर्कमा समेत नआएकोले ती जातिहरूलाई आदिवासी जनजातिको सूचीमा समावेश गरिरहनु वैज्ञानिक नहुने भनी कतिपय गलत सूचना सहितको हास्यास्पद तर्क गरेको पाइन्छ ।

तर आयोग आफैंले आदिवासी जनजातिको रूपमा प्रतिष्ठान ऐनमै सूचीकृत जातिहरूलाई मानेर संस्थागत गतिविधि गरिरहेको छ। यसले प्रतिष्ठान स्थापनार्थ गठित कार्यदल, जनजाति विकास समिति तथा प्रतिष्ठान स्वयंले गरेका अध्ययन, अनुसन्धान र निर्णयहरु, तत्कालीन सरकार तथा संसद्का निर्णयहरु, साथै विगत २५ वर्षदेखि कानूनी मान्यता प्राप्त गरेका सम्बन्धित आदिवासी जनजाति समुदाय र तिनका जातीय संस्थाहरूप्रति अपमान, अविश्वास तथा कानूनी मान्यतामाथि प्रश्न उठाउने विरोधाभासपूर्ण प्रवृत्ति देखाएको छ। कतिपय संस्थाहरूको दलीय राजनीतीकरणका कारण पनि विगतमा आदिवासी जनजातिको परिभाषा र सूचीकरणलाई गिजोल्ने काम भएको देखिन्छ ।

विना कुनै राजनीतिक र समूहगत स्वार्थ र आग्रह, यस आलेखमा सुझाइएका तीन वटा मापदण्डको आधारमा आदिवासी जनजातिलाई पुनर्परिभाषित र अध्ययन-अनुसन्धान गर्नु उपयुक्त देखिन्छ ।

अब, विना तथ्य र प्रमाण, सूचीमा अनावश्यक विवाद सृजना नगरी आदिवासी जनजाति सम्बद्ध निकायहरूले आफ्नो प्राथमिक दायित्व अनुसार परस्पर परिपूरक भएर प्रतिष्ठान ऐनमा सूचीकृत समुदायहरूका अतिरिक्त जनगणनामा समावेश भएका र हुन नसकेका सबै सम्भावित आदिवासी जनजाति समुदायहरूको विस्तृत मानवशास्त्रीय अध्ययन तथा विश्लेषण गरी प्रचलित कानूनी प्रक्रिया मार्फत आदिवासी जनजातिको सूचीलाई समयसापेक्ष रूपमा परिमार्जन र अद्यावधिक गर्नुपर्ने आवश्यकता छ । यसका साथै विशेषगरी अल्संख्यक, लोपोन्मुख र अति सीमान्तीकृत समुदायहरूको संरक्षण, सम्वर्द्धन र विकासका लागि संयुक्त पहलकदमीको जरूरत छ।

अनलाइनखबरबाट

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

भदौ ०५ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

भदौ ०७ गते आइतबार

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

हाम्रा उपलब्ध सेवाहरु :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

भदौ ०६ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ साउन २५ गते सोमबार
August 10, 2026



**धान गोड्न व्यस्त किसान** : लमजुङको मध्यनेपाल नगरपालिका-७ करापुटार फाँटमा धान खेती गोड्दै गरेका किसान ।
*तस्विर : सुरज गुरुङ/भञ्ज्याङ*

# अस्पतालको भवन तयार : उपकरण र जनशक्तिको व्यवस्थापनपछि सञ्चालन हुने

**भञ्ज्याङ समाचारदाता/लमजुङ**

लमजुङको मर्स्याङ्दी गाउँपालिका-७ ङादीमा १० शय्याको नवनिर्मित आधारभूत अस्पताल सञ्चालनको तयारी पूरा भएको छ । भवन निर्माण सम्पन्न भए पनि अस्पताललाई तोकिएको क्षमताअनुसार सञ्चालन गर्न आवश्यक स्वास्थ्य उपकरण तथा जनशक्ति व्यवस्थापन गर्नुपर्ने अवस्था गाउँपालिकाले जनाएको छ ।

सरकारको 'एक स्थानीय तह, एक आधारभूत अस्पताल' कार्यक्रमअन्तर्गत निर्माण गरिएको अस्पताल भवन केही साताअघि सम्पन्न भई गाउँपालिकालाई हस्तान्तरण गरिएको हो । आर्थिक वर्ष २०७७/७८ मा काम सुरु भएको भवन रु छ करोड १८ लाख ७९ हजार ४८१ को लागतमा निर्माण गरिएको हो ।

दुईतले आरसिसी भवनमा उपचार कक्ष, शौचालय, विद्युत् तथा खानेपानीलगायत आवश्यक भौतिक पूर्वाधार निर्माण गरिएको छ । भवनको जिम्मा पाएको शृङ्खला निर्माण सेवा प्रालि बिदुर नगरपालिका-४ (नुवाकोट)ले निर्माण सम्पन्न गरी गाउँपालिकालाई हस्तान्तरण गरिसकेको छ ।

अस्पताल सञ्चालनका लागि दुई चिकित्सकसहित २२ जनाको दरबन्दी कायम गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विज्ञान पौडेलले जानकारी दिनुभयो । चिकित्सक, स्वास्थ्यकर्मी, प्रयोगशाला, फार्मेसी तथा प्रशासनतर्फका कर्मचारीको दरबन्दी रहे पनि आवश्यकता अनुसार थप जनशक्ति करार सेवाबाट व्यवस्थापन गरिने उहाँले बताउनुभयो ।

अस्पताल सञ्चालनका लागि आवश्यक स्वास्थ्य उपकरण तथा अन्य सामग्री व्यवस्थापन गर्न सङ्घ र प्रदेश सरकारसँग माग गरिएको प्रशासकीय अधिकृत पौडेलले बताउनुभयो । आवश्यक उपकरण तथा स्रोतसाधन उपलब्ध भएपछि अस्पताललाई निर्धारित सेवा र क्षमताअनुसार सञ्चालन गर्न सहज हुने गाउँपालिकाको भनाइ छ ।

गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले अस्पताल सञ्चालनमा आएपछि स्थानीयवासीले आधारभूत स्वास्थ्य सेवा, आकस्मिक सेवा तथा दन्त उपचार सेवा स्थानीयस्तरबाटै प्राप्त गर्ने बताउनुभयो । जटिल प्रकृतिका बिरामीलाई भने आवश्यकता अनुसार सुविधा सम्पन्न अस्पतालमा पठाइने उहाँले जानकारी दिनुभयो ।

गाउँपालिकाले यही साउन अन्त्यसम्म अस्पताल सञ्चालनमा ल्याउने तयारी गरेको छ । हाल वडा नं ७ मा सञ्चालन हुँदै आएको स्वास्थ्य चौकीलाई साउन महिनाभित्रै नयाँ अस्पताल भवनमा स्थानान्तरण गरी सोही भवनबाट स्वास्थ्य सेवा प्रवाह गर्ने तयारी गरिएको गाउँपालिका कार्यालयले जनाएको छ ।

दश शय्याको अस्पताल सञ्चालनका लागि भवन, दरबन्दी तथा आधारभूत पूर्वाधार तयार भए पनि आवश्यक उपकरण र स्रोतसाधनको व्यवस्थापन पूरा गर्नुपर्ने भएकाले अस्पताललाई तोकिएको क्षमताअनुसार सञ्चालन गर्न चुनौती रहेको गाउँपालिकाले जनाएको छ । आवश्यक व्यवस्था पूरा भएमा मर्स्याङ्दी गाउँपालिकाका नागरिकले आधारभूत स्वास्थ्य सेवा, आकस्मिक तथा दन्त उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ । रासस

# सैनिक कल्याणकारी कोष: शिक्षा .......

हिताधिकारीहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ । त्यसबाहेक तोकिएका १८ गैरसैनिक अस्पतालमा उपचार गर्दा लाग्ने खर्चको पनि शोधभर्नासमेत गरिँदै आएको सेनाले जनाएको छ । जटिल रोगका बिरामीका लागि बहिरङ्ग उपचार सुविधाको वार्षिक सीमा वृद्धि तथा औषधि व्यवस्थापनमा सुधार तथा सेवा प्रवाहलाई डिजिटल प्रणालीमा रूपान्तरण गर्ने कार्यले स्वास्थ्य सेवा थप प्रभावकारी बनेको सेनाले जनाएको छ ।

आव २०८२/८३ मा उपचार सेवाबाट लाभान्वित भएको हिताधिकारी संख्या करिब पाँच लाख र जटिल प्रकृतिको रोग लागी एक लाख ६० हजारसम्मको उपचार सेवा उपभोग गर्ने बिरामीको संख्या एक हजार २६ रहेको जानकारी दिइएको छ । कोषअन्तर्गत सञ्चालित संस्थामा आवश्यक जनशक्तिको व्यवस्थापन, छात्रवृत्तिमा अध्ययन पूरा गरेका चिकित्सक तथा नर्सको परिचालन तथा कल्याणकारी जनशक्ति व्यवस्थापन प्रणालीमार्फत जनशक्तिको डिजिटल अभिलेखीकरण कार्यान्वयन ल्याइएको छ ।

कोषमार्फत सैनिक हिताधिकारीलाई आत्मनिर्भरता र दीर्घकालीन आर्थिक सशक्तीकरणसँग जोड्न तथा प्रत्येक प्रदेशमा रहेका इपिसेनटरहरूमार्फत सैनिक परिवार तथा अवकाशप्राप्त सैनिकलाई उद्योग, व्यवसाय र कृषि क्षेत्रमा सहुलियतपूर्ण कर्जा, उद्यमशीलता प्रवर्द्धन तथा सीपमूलक व्यावसायिक तालिम उपलब्ध गराई आत्मनिर्भर र स्वरोजगारीमुखी बनाउन सहयोग पुर्‍याएको सैनिक प्रवक्ता एवं सहायकरथी बस्नेत बताउनुहुन्छ । उहाँका अनुसार त्यसअन्तर्गत करिब दुई हजार २०० जनशक्तिलाई प्रत्यक्ष रोजगार र व्यावसायिक तालिम केन्द्रमार्फत हालसम्म करिब आठ हजार हिताधिकारीलाई सीपमूलक तालिम प्रदान गरिएको छ ।

त्यस्तै कोषले गम्भीर रोगका बिरामीका लागि स्वास्थ्य बिमा, कर्तव्यपालनका क्रममा मृत्यु भएकाका परिवारलाई दुर्घटना बिमा तथा दैवी र प्राकृतिक प्रकोपबाट प्रभावित हिताधिकारीलाई राहत उपलब्ध गराउँदै आएको छ। कोषले सहुलियतपूर्ण आवास तथा घडेरी कर्जा, सवारीसाधन खरिदका लागि सहुलियत ऋण तथा अन्य आर्थिक सहायता कार्यक्रममार्फत हिताधिकारीको जीवनस्तरमा सकारात्मक प्रभाव पार्ने कार्य गर्दै आएको छ। त्यसबाट हालसम्म करिब एक लाख १० हजार सकलदर्जा सहुलियतपूर्ण ऋणबाट लाभान्वित भइसकेको जानकारी दिइयो ।

कोषको दिगोपन तथा सेवा सुविधालाई निरन्तरता दिन हिताधिकारीको बढ्दो सङ्ख्या र कोषको आयमा भएको वर्तमान संकुचनलाई मध्यनजर गर्दै दीर्घकालीन आयमूलक परियोजनामा लगानी विविधिकरण गर्न आवश्यक रहेको प्रवक्ता बस्नेतले स्पष्ट पार्नुभयो । उहाँका अनुसार विशेषगरी बैंकहरूबाट प्राप्त हुने ब्याज आम्दानीमा गिरावट र शान्ति सैनिकको संख्या र बजेट कटौतीले प्रत्यक्ष र परोक्ष रूपमा कल्याणकारी कार्यको निरन्तरतामा प्रभाव पारेको छ ।

कोषको आय अभिवृद्धि गर्न तथा नेपाल सरकारको वैकल्पिक ऊर्जासम्बन्धी नीति तथा कार्यक्रमलाई समेत सहयोग पुर्‍याउने उद्देश्यले रूपन्देहीको सैनामैनामा करिब १० मेगावाटको सौर्य ऊर्जा परियोजना सञ्चालनमा ल्याउने सेनाले तयारी गरेको छ । उक्त कोषले नेपाल सरकारलाई वार्षिक रूपमा करिब रु ७० करोडसम्म कर बुझाउँदै आएको छ ।

दक्षिण एसियामा नै उत्कृष्ट कल्याणकारी सेवा सुविधाका कार्यक्रम सञ्चालन गरिरहेको कोषले बहालवाला र अवकाशप्राप्त सैनिक तथा तिनका आश्रित परिवारको मनोबल उच्च राख्ने तथा भविष्यमा पनि सम्मानपूर्ण जीवनयापनका लागि आवश्यक आधार तयार गर्दै आएको छ । रासस

## facebook twitter



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

लोकउक्ति छ, "दुईचोटि नाप, अनि मात्र काट ।" भौतिक पूर्वाधारका आयोजना छनोट र निर्माण पनि यस्तै हो । एकपटक निर्माण गरिसकेपछि त्यसलाई सार्न, फेर्न वा सजिलै सच्याउन सकिँदैन। त्यसैले यस्ता निर्णयमा गहिरो अध्ययन, पर्याप्त गृहकार्य र दूरदृष्टि अपरिहार्य हुन्छ। राम्रो सोच र तयारीबिना बनाइएका भौतिक संरचनाहरु पैसाको नाश मात्र होइनन्; तिनले अनपेक्षित प्रकृतिका गम्भीर समस्या समेत सिर्जना गर्न सक्छन् ।



**Bhimarjun Acharya**
x.com/BhimarjunPhD

सत्तारूढ दलका नेता र सांसदहरूले सरकारका कामका बारेमा प्रश्नहरु गर्न थाले, ठीक छ। तर, प्रश्न सरकारप्रति मात्र होइन। सरकारलाई संसद्, संविधान, दल, जनता कसैप्रति पनि जवाफदेही नभएको देख्न थाल्नु भा हो भने यसलाई बदल्ने तागत् त तपाईंसँगै छ, किन त्यसो गर्न सक्नु हुन्? फेरि नयां तमासा किन ?



**Saral Suman**
x.com/Saralsuman1

थाइल्याण्ड घुम्ने भनेर हसिन सपना देख्नुहुन्छ, एक पटक यो हेर्नुहोस् ।
हालै सार्वजनिक भएको आधिकारिक स्वास्थ्य तथ्याङ्क अनुसार थाइल्यान्डमा HIV positive भाइरस संक्रमितहरूको कुल संख्या ५,५७,९९३ पुगेको छ।
संयुक्त राष्ट्र संघ (UNAIDS) को तथ्याङ्क अनुसार थाइल्यान्डमा हाल करिब ५,८०,००० मानिसहरु एचआईभीका साथ बाँचिरहेका छन्।
प्रसार दर (Prevalence Rate): १५ देखि ४९ वर्ष उमेर समूहका वयस्कहरूमा एचआईभीको दर १.१% रहेको छ, जुन दक्षिण-पूर्वी एसिया मै सबैभन्दा उच्च दर हो ।
थाइल्यान्डमा एड्स (AIDS) सम्बन्धी कारणले वार्षिक रूपमा करिब १२,००० जनाको मृत्यु हुने गरेको छ।
नयाँ संक्रमणमा सबैभन्दा बढी जोखिम १५ देखि २४ वर्ष उमेर समूहका युवाहरूमा देखिएको छ। कुल संक्रमितमध्ये २५,००० भन्दा बढी यही उमेर समूहका छन् ।

# भूसंरक्षण दिवसमा ........

संरचना र पूर्वाधार विस्तार हुँदा भल, बाढी र डुबानका समस्या बढ्दै गएको उनले बताए । बढ्दो गर्मी र वातावरणीय असन्तुलनले जलवायु परिवर्तनलाई समेत थप प्रभाव पारिरहेको उल्लेख गर्दै नगरप्रमुख न्यौपानेले भूसंरक्षण तथा वातावरण संरक्षणका कार्यक्रमलाई प्राथमिकता दिन आग्रह गरे ।

कार्यक्रममा भू तथा जलाधार व्यवस्थापन कार्यालय, तनहुँका प्रमुख दिवाकर पौडेलले सहजिकरण गर्दै भूसंरक्षण दिवसको आवश्यकता र महत्वबारे जानकारी गराएका थिए। भादगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष सन्तबहादुर तामाङको अध्यक्षतामा भएको कार्यक्रममा व्यास नगरपालिकाका उपप्रमुख इन्दिरा दरै, विभिन्न सरकारी कार्यालयका कर्मचारी, सुरक्षा निकायका प्रतिनिधि, वन उपभोक्ता महासंघका अध्यक्ष, खानेपानी संस्थाका पदाधिकारी तथा कर्मचारी, स्थानीय उपभोक्ताको सहभागिता रहेको थियो ।

वृक्षारोपण गरिएको क्षेत्रमा अम्रिसो, नेपियर, बाबियो, निमारो, धुपी, वीरेन्द्र फूल, अमला, बेल, कल्की फूल र पारिजातलगायतका प्रजातिका बिरूवा रोपिएको छ।

रोपिएका बिरूवाको संरक्षण तथा हुर्काउने जिम्मेवारी भादगाउँ खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले लिएको जनाएको छ ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४